सङ्घीय संसद् सचिवालयमा विभिन्न अस्थायी पदमा पदपूर्तिको लागि उम्मेद्वार सिफारिस सम्बन्धी मापदण्ड, २०८३

सङ्घीय संसद् सचिवालयमा विभिन्न पदका प्राविधिक जनशक्ति तत्काल करारमा उपलब्ध गराई काम गर्न, गराउन जरुरी भई खुला प्रतिष्पर्धात्मक परीक्षाद्वारा योग्य जनशक्ति छनौट गर्न मिति २०८३ वैशाख ३१ गतेको निर्णयानुसार गठित पदपूर्ति समितिलाई कार्य सञ्चालनका लागि सचिवालयले यो मापदण्ड स्वीकृत गरी लागू गरेको छ ।

क) अस्थायी दरबन्दीमा पदपूर्तिका लागि देहाय बमोजिमको पदपूर्ति समिति गठन गरिएको छः

१. प्रमुख, प्रशासन महाशाखा - संयोजक

२. लोकसेवा आयोगको प्रतिनिधि वा त्यस्तो प्रतिनिधि उपलब्ध नभएमा महासचिवले तोकेको सम्बन्धित क्षेत्रको विषयविज्ञ - सदस्य

३. प्रमुख, कर्मचारी प्रशासन शाखा - सदस्य सचिव

पदपूर्ति समितिले आवश्यक ठानेको खण्डमा पदपूर्ति प्रक्रियामा आवश्यक सहयोगका लागि सचिवालयले आवश्यक जनशक्ति उपलब्ध गराउनु पर्नेछ । पदपूर्ति समिति र परिक्षा सञ्चालनमा संलग्न जनशक्तिले गोपनियताको पूर्ण पालना गर्नु पर्नेछ ।

ख) पदपूर्ति समितिले निम्नलिखित सङ्ख्या र श्रेणीका पदहरुका लागि खुल्ला प्रतिष्पर्धात्मक परीक्षाद्वारा उपयुक्त उम्मेदवार छनौट गरी सिफारिस गर्नेछः

क्र.स.	पदनाम	श्रेणी	पदपूर्ति गर्नु पर्ने संख्या
१)	(साउन्ड इन्जिनियर) Sound Engineer	रा.प. तृतीय सरह	२
२)	इलेक्ट्रोनिक्स ओभरसियर (इ.ओ.)	रा.प.अनं प्रथम	६
३)	भिडियोग्राफर	रा.प.अनं प्रथम	२
४)	मेसेज संचालक (मे.सं.)	रा.प.अनं प्रथम	२

CamScanner

५)	अडियो भिडियो इडिटर (अ.भि.इ.)	रा.प.अनं प्रथम	४
६)	प्रसारण सहायक (प्र.अ.)	रा.प.अनं प्रथम	४
७)	माईक संञ्चालक	रा.प.अनं प्रथम	२
८)	ओभरसियर (इलेक्ट्रिकल)	रा.प.अनं प्रथम	३
९)	ईलेक्टोनिक्स हेल्पर/Technician	रा.प.अनं. द्वितीय	२
१०)	विद्युत हेल्पर	रा.प.अन.द्वितीय	२
११)	आई.टी हेल्पर (IT Helper)	रा.प.अन. द्वितीय	२
१२)	स्वास्थ्य हेल्पर	रा.प.अन.द्वितीय	१
१३)	भा.स.चा.	श्रेणी विहिन	४
१४)	ह.स.चा.	श्रेणी विहिन	२

ग) पदपूर्ति गरिने पदहरुको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम रहेको छः

क्र.स.	पद/ श्रेणी	न्यूनतम योग्यता
१	Sound Engineer (रा.प. तृतीय सरह)	B.E. in Sound Engineering वा मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग वा इलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेशन इन्जिनियरिङ्ग विषयमा स्नातक उपाधि हासिल गरी Sound system engineering सम्बन्धी कम्तीमा ६ महिने तालिम वा Sound engineering सम्बन्धी काममा कम्तीमा २ वर्षको अनुभव प्राप्त गरेको।
२	इलेक्ट्रोनिक्स ओभरसियर (रा.प. अनं. प्रथम सरह)	मान्यताप्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रोनिक्स इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उपाधी हासिल गरेको।
३	भिडियोग्राफर (रा.प. अनं. प्रथम	मान्यताप्राप्त शिक्षण संस्थाबाट भिडियोग्राफी विषयमा १०+२ वा सो सरह उत्तीर्ण गरेको वा कुनै पनि विषयमा १०+२ वा सो

	सरह)	सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको आधारभूत कम्प्यूटर तालिम र भिडियोग्राफी सम्बन्धी कम्तीमा तीन महिना तालिम प्राप्त गरेको।
४	मेसेज सञ्चालक (मे. सं.) (रा.प. अनं. प्रथम सरह)	मान्यताप्राप्त शिक्षण संस्थाबाट भिडियो ईडिटिङ विषयमा १०+२ वा सो सरह उत्तीर्ण गरेको वा कुनै पनि विषयमा १०+२ वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको आधारभूत कम्प्यूटर तालिम र भिडियो ईडिटीङ सम्बन्धी सेवा प्रवेशको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता भएको।
५.	अडियो भिडियो इडिटर (अ.भि.इ.) (रा.प. अनं. प्रथम सरह)	मान्यताप्राप्त शिक्षण संस्थाबाट अडियो भिडियो इडिटर सम्बन्धी विषयमा १०+२ वा सो सरह उत्तीर्ण गरेको वा कुनै पनि विषयमा १०+२ वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको आधारभूत कम्प्यूटर तालिम र अडियो भिडियो इडिटर सम्बन्धी कम्तीमा तीन महिना तालिम प्राप्त गरेको।
६.	प्रसारण सहायक (प्र.स.) (रा.प. अनं. प्रथम सरह)	मान्यताप्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा १०+२ वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको आधारभूत कम्प्यूटर तालिम र ब्रोडकास्टिङ्ग सम्बन्धी कम्तीमा तीन महिना तालिम प्राप्त गरेको।
७.	माइक सञ्चालक (रा.प. अनं. प्रथम सरह)	मान्यताप्राप्त शिक्षण संस्थाबाट १०+२ वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको आधारभूत कम्प्यूटर तालिम र माईक सञ्चालन सम्बन्धी कम्तीमा एक महिनाको तालिम प्राप्त गरेको।
८.	इलेक्ट्रीकल ओभरसियर (रा.प. अनं. प्रथम सरह)	मान्यताप्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रिकल इन्जिनियरिङ्ग विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।
९.	इलेक्ट्रोनिक्स हेल्पर/Technician	मान्यताप्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा SEE वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको सम्बन्धित विषयमा

	(रा.प. अनं. द्वितीय सरह)	आधारभूत तालिम प्राप्त गरेको र कम्तिमा ६ महिनाको सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको।
१०.	विद्युत हेल्पर (रा.प. अनं. द्वितीय सरह)	मान्यताप्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा SEE वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको सम्बन्धित विषयमा आधारभूत तालिम प्राप्त गरेको।
११.	IT हेल्पर (रा.प. अनं. द्वितीय सरह)	मान्यताप्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा SEE वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको आधारभूत कम्प्यूटर तालिम प्राप्त गरी कम्तिमा ६ महिनाको सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको।
१२.	स्वास्थ्य हेल्पर (रा.प.अन. द्वितीय)	मान्यताप्राप्त शिक्षण संस्थाबाट CMA वा सो सरह उत्तीर्ण गरी प्राथमिक उपचार सम्बन्धी कम्तीमा ६ महिनाको कार्य अनुभव भएको।
१३.	भा.स.चा. (श्रेणीविहिन)	मान्यताप्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तीर्ण गरी भारी सवारी चालक अनुमति (लाइसेन्स) प्राप्त गरी कम्तिमा १ वर्षको अनुभव प्राप्त गरेको।
१४.	ह.स.चा. (श्रेणीविहीन)	मान्यताप्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तीर्ण गरी हलुका सवारी चालक अनुमति (लाइसेन्स) प्राप्त गरी कम्तिमा ६ महिनाको अनुभव प्राप्त गरेको।

घ) <u>पदपूर्ति समितिको कार्यगत शर्त (TOR) र पदपूर्ति प्रक्रिया देहाय बमोजिम रहेको छः</u>

१) करार सेवामा पदपूर्ति गर्नु पर्ने स्वीकृत दरवन्दीको यकिन गरी आवेदन माग गर्न सूचना/विज्ञापन प्रकाशन गरी दरखास्त सङ्कलन गर्ने,

२) सम्बन्धित पदका लागि आवश्यक पर्ने शैक्षिक योग्यता, उमेर हद, कार्यानुभव लगायतका विषय एकिन गरी रीत पुगेका दरखास्त फारमहरु पदपूर्ति समितिको संयोजकले स्वीकृत गर्ने र रित नपुगेका दरखास्त फारमहरु अस्वीकृत गरेमा कारण सहितको जानकारी सार्वजनिक गर्नु पर्ने,

३) दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको प्रारम्भिक सूची सचिवालयको वेभसाइट र सूचना पाटीमा प्रकाशन गर्ने,

४) प्रारम्भिक सूचीमा परेका उम्मेदवारहरुको दरखास्त फारमसाथ पेश गरेका कागजातका आधारमा शैक्षिक योग्यता र अनुभवको मूल्याङ्कन गर्ने,

५) शैक्षिक योग्यता र अनुभवको मूल्याङकन गर्दा शैक्षिक योग्यता बापतको पूर्णाङ्क पाँच र अनुभवको पूर्णाङ्क पाँच गरी कूल दश पूर्णाङ्क हुने । तर अनुभव आवश्यक नपर्ने पदहरुको हकमा भने शैक्षिक योग्यता बापत कूल दश पूर्णाङ्क हुने,

६) <u>शैक्षिक योग्यता र अनुभवको मूल्याङ्कन गर्दा देहाय बमोजिम गरिने</u>:

<table>
<tr><th>क्र.सं.</th><th colspan="2">शैक्षिक योग्यताको अङ्क</th><th></th><th>अनुभव</th></tr>
<tr><td>१.</td><td colspan="2">विशिष्ट/प्रथम श्रेणी - ५</td><td></td><td rowspan="8">तोकिएको न्यूनत्तम अनुभवको हकमा ३ अङ्क र सोभन्दा बढी प्रत्येक ६ महिनाको लागि १ अङ्कको दरले अधिकतम् पाँच अङ्क सम्म ।</td></tr>
<tr><td>२.</td><td colspan="2">द्वितिय श्रेणी - ४</td><td></td></tr>
<tr><td>३.</td><td colspan="2">तृतीय श्रेणी - ३</td><td></td></tr>
<tr><td colspan="3">यदी श्रेणी उल्लेख नभई GPA उल्लेख रहेछ भने अङ्क गणना देहाय बमोजिम गर्ने:
<table>
<tr><th>GPA</th><th>Marks</th></tr>
<tr><td>३.६०- ४.०</td><td>- ५</td></tr>
<tr><td>२.४०- ३.५९</td><td>- ४</td></tr>
<tr><td>१.६०- २.३९</td><td>- ३</td></tr>
<tr><td>१.६० भन्दा कम</td><td>- अयोग्य</td></tr>
</table></td><td></td></tr>
<tr><td colspan="3">अनुभव आवश्यक नपर्ने पदको हकमा भने शैक्षिक योग्यताको मूल्याङ्कन गर्दा देहाय बमोजिम अङ्क गणना गर्ने:</td><td></td></tr>
<tr><td>१.</td><td>विशिष्ट/प्रथम श्रेणी - १०</td><td></td></tr>
<tr><td>२.</td><td>द्वितिय श्रेणी - ८</td><td></td></tr>
</table>

३.	तृतीय श्रेणी - ६		
	GPA		
१.	३.६० - ४.० = १०		
२.	२.४० - ३.५९ = ८		
३.	१.६० - २.३९ = ६		

७) शैक्षिक योग्यता र अनुभवको मूल्याङ्कनका आधारमा एक पद बराबर पाँच जनाको अनुपातमा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरुको संक्षिप्त सूची (Short List) प्रकाशन गर्ने। बराबर अङ्क भएको खण्डमा सोभन्दा बढी सङ्ख्यामा उम्मेदबारहरु समावेश गरी संक्षिप्त सूची प्रकाशन गर्न बाधा नपर्ने ।

८) संक्षिप्त सूची (Short List) मा परेका उम्मेदवारहरुको प्रयोगात्मक तथा सिप परिक्षण गर्नको लागि पदपूर्ति समितिलाई आवश्यक उपकरण लगायतको व्यवस्था सचिवालयको प्रविधि व्यवस्थापन महाशाखा, सांसद सुविधा व्यवस्थापन महाशाखा र आन्तरिक सेवा तथा योजना व्यवस्थापन महाशाखाले गर्ने र सम्भव नभएमा सार्वजनिक सेवा प्रसारण नेपाल लगायतका सम्बन्धित निकायमा सहयोगका लागि अनुरोध गर्ने,

९) संक्षिप्त सूची (Short List) मा परेका उम्मेदबारहरुले तोकिएको मिति, समय र स्थानमा प्रयोगात्मक सिप परिक्षणमा सहभागि हुन आउँदा नागरिकता वा आफ्नो परिचय खुल्ने अन्य सरकारी सक्कलै कागजात साथमा ल्याउनु पर्ने,

१०) प्रयोगात्मक सिप परिक्षण सहभागी हुने उम्मेदवारको हाजिरी एवं उपस्थिति गराउनु पर्ने,

११) परीक्षामा खटिएका पदपूर्ति समितिका संयोजक, सदस्य, विज्ञ वा जनशक्तिले उम्मेदवारलाई परीक्षा सञ्चालनका विषयमा स्पष्ट जानकारी गराउनु पर्ने,

१२) प्रयोगात्मक तथा सिप परिक्षणको लागि निर्धारित मिति र समयमा कुनै उम्मेदवार अनुपस्थित भएमा सो पदको प्रयोगात्मक परीक्षा बाँकी रहेकै अवस्थामा त्यस्तो उम्मेदवारले अनुपस्थित रहेको कारण सहित निवेदन दिएमा निजलाई अन्य दिनको प्रयोगात्मक परीक्षा एवं सिप परिक्षणमा सामेल गराउन सकिने, तर सम्पन्न भईसकेपछि प्राप्त निवेदनको हकमा परीक्षा एवं सिप परिक्षणमा सामेल नगराइने,

CamScanner

१३) प्रयोगात्मक सिप परिक्षणको कुल पूर्णाङ्क, उत्तिर्णाङ्क र समय देहाय बमोजिम हुनेः

क्र.स.	श्रेणी	पदनाम	पूर्णाङ्क	उत्तिर्णाङ्क	परिक्षाको समय
१.	रा.प. तृतीय सरह	Sound Engineer	३०	१५	३० मिनेट
२.	रा.प.अनं. प्रथम	इलेक्ट्रोनिक्स ओभरसियर	३०	१५	१५ मिनेट
३.	रा.प.अनं. प्रथम	भिडियोग्राफर	३०	१५	१५ मिनेट
४.	रा.प.अनं. प्रथम	मेसेज सञ्चालक	३०	१५	१५ मिनेट
५.	रा.प.अनं. प्रथम	अडियो भिडियो इडिटर	३०	१५	१५ मिनेट
६.	रा.प. अनं. प्रथम	प्रसारण सहायक	३०	१५	१५ मिनेट
७.	रा.प. अनं. प्रथम	माइक सञ्चालक	३०	१५	१५ मिनेट
८.	रा.प. अनं. प्रथम	इलेक्ट्रिकल ओभरसियर	३०	१५	१५ मिनेट
९.	रा.प.अनं. द्वितीय	इलेक्टोनिक्स हेल्पर/Technician	३०	१५	१५ मिनेट
१०.	रा.प.अनं. द्वितीय	विद्युत हेल्पर	३०	१५	१५ मिनेट
११.	रा.प.अनं. द्वितीय	IT हेल्पर	३०	१५	१५ मिनेट
१२.	रा.प.अनं. द्वितीय	स्वास्थ्य हेल्पर	३०	१५	१५ मिनेट

CamScanner

१३.	श्रेणी विहिन	भारी सवारी चालक	३०	१५	१५ मिनेट
१४.	श्रेणी विहिन	हलुका सवारी चालक	३०	१५	१५ मिनेट

१४) पदपूर्ति समितिले प्रयोगात्मक परिक्षणको मूल्याङ्कन गर्दा प्रत्येक सदस्यले छुट्टाछुट्टै देहायको मूल्याङकन फारमको ढाँचा प्रयोग गर्नु पर्नेः

विज्ञापन नं.:	सेवाः	समूहः
श्रेणी/तहः	पदः	पूर्णाङ्कः
उम्मेदवारको नामः	उत्तिर्णाङ्कः	रोल नम्बरः
परिक्षा मितिः	समयः	

क्र.सं.	प्रयोगात्मक परिक्षाको एकाई	अङ्कभार	प्राप्ताङ्क		कैफियत
			(अङ्कमा)	(अक्षरमा)	
१)	प्रश्न नं. १				
२)	प्रश्न नं. २				
३)	प्रश्न नं. ३				
४)	प्रश्न नं. ४				
५)	प्रश्न नं. ५				
	कुल जम्मा				

मूल्याङ्कन समितिका सदस्यहरुकोः

विज्ञ	सदस्य	अध्यक्ष
दस्तखतः	दस्तखतः	दस्तखतः

नाम,थरः	नाम,थरः	नाम,थरः
दर्जाः	दर्जाः	दर्जाः
ठेगानाः	ठेगानाः	ठेगानाः
मितिः	मितिः	मितिः

माथि उल्लेखित उम्मेदवार मेरो नाता पर्दैन ।

१५) प्रयोगात्मक तथा सिप परिक्षणको लागि परिक्षा सञ्चालन गर्दा पदको प्रकृति बमोजिम गर्नु पर्ने सञ्चालन तथा व्यवस्थापनको विषय "लोक सेवा आयोगबाट सञ्चालन हुने प्रयोगात्मक तथा सिप परिक्षण परिक्षा (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८२" को अनुसूची -२ लाई आधार लिन सकिने।

१६) प्रयोगात्मक तथा सिप परिक्षणको नम्बर जोड्दा औसतमा प्राप्ताङ्क जोड्ने,

१७) प्रयोगात्मक तथा सिप परिक्षणको नतिजा सार्वजनिक गर्ने,

१८) प्रयोगात्मक तथा सिप परिक्षण र अन्तरवार्तामा सामान्यतयाः एउटै विज्ञ नपर्ने गरी मनोनयन गर्नु पर्ने,

१९) प्रयोगात्मक सिप परिक्षणमा उत्तिर्ण उम्मेदवारहरुलाई मात्र अन्तरवार्तामा समावेश गराउनु पर्ने,

२०) अन्तरवार्ता लिने सदस्यलाई अन्तरवार्ता शुरु हुनु अगावै देहायका कागजातसहितको फाइल उपलब्ध गराउनु पर्नेः

क) विज्ञापन नम्बर, सेवा, समूह, पद

ख) अन्तर्वार्ताको पूर्णाङ्क

ग) मूल्याङ्कन फारम

घ) उम्मेदवारले भरेको दरखास्त फारमको प्रतिलिपी

ङ) खेस्रा गर्न आवश्यक खाली कागज ।

CamScanner

२१) अन्तरवार्ताको मूल्याङ्कन फारम देहाय बमोजिम हुनेः

अन्तर्वार्ताको मूल्याङ्कन फारम			
विज्ञापन नं.:	सेवाः		समूहः
श्रेणी/तहः	पदः		पूर्णाङ्कः
			अन्तर्वार्ता मितिः

क्र. सं.	रोल नं.	उम्मेदवारको नाम, थर	प्राप्ताङ्क		कैफियत
			(अङ्कमा)	(अक्षरमा)	
१)					
२)					
३)					
४)					
५)					

माथि उल्लेखित उम्मेदवार मेरो नाता पर्दैन ।

अन्तरवार्ता समितिको संयोजक वा सदस्यको दस्तखतः

नाम, थरः

पदः

मितिः

२२) उम्मेदवारको शैक्षिक उपाधी, अभिरुची र पदको स्तरसँग तालमेल हुने गरी अन्तरवार्तामा प्रश्न सोध्नु पर्ने,

२३) विषयविज्ञले सम्बन्धित विषयको क्षेत्रमा प्रश्न सोध्नु पर्ने,

२४) अन्तरवार्ता कूल १० पूर्णाङ्कको हुने र सो वापतको अङ्क प्रदान गर्दा न्यूनतम चार अङ्क र अधिकतम् सात अङ्कको सीमाभित्र रही प्रदान गर्नु पर्ने,

CamScanner

२५) अन्तरवार्ताको मूल्याङ्कन गर्दा लोकसेवा आयोग कार्यसञ्चालन निर्देशिका, २०७९ दफा ६२, ६३ लाई समेत आधार बनाउन सकिने,

२६) अन्तरवार्ताको नम्बर जोड्दा औसत प्राप्ताङ्क जोड्ने,

२७) अन्तरवार्ता सम्पन्न गरी उपयुक्त उम्मेदवार सिफारिस गरी नतिजा सार्वजनिक गर्नु पर्ने,

२८) उम्मेदवार सिफारिस गर्दा दुई पाङ्ग्रे सवारी साधनको सवारी चालक अनुमतिपत्र भएको र कम्प्युटर सम्बन्धी ज्ञान भएकोलाई प्राथमिकता दिनु पर्ने,

२९) कुनै गम्भीर रोग नलागेको हुनु पर्ने,

३०) नतिजा सार्वजनिक गर्दा वैकल्पिक उम्मेदवारको विवरण पनि अनलाईनमा सार्वजनिक गर्ने,

३१) पदपूर्तिसँग सम्बन्धित महत्वपूर्ण कागजातहरु अभिलेखका लागि सुरक्षित राख्नु पर्ने।

३२) नेपाल सरकार र जेनजी प्रतिनिधि बीच २०८२ मंसिर २४ मा भएको सम्झौता अनुरुप निजहरुलाई प्राथमिकता दिने ।

CamScanner